# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ १४ गते २०२५ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

सरकारी वकिल सम्वन्धी नियमावली, २०१७ को नियम ११ (१) को प्रतिवन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारवाट महान्यायाधिवक्ता वाहेक अन्य सरकारी वकिललाई निम्नलिखित अवस्था र शर्तमा कानूनको प्राइभेट प्रेक्टिसको सुविधा दिने निर्णय गरेको हुनाले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः–

(१) श्री ५ को सरकारको स्वामित्व भएका संगठित संस्थानहरूलाई मात्र कानूनी रायसल्लाह दिनपाइनेछ ।

(२) सम्बन्धित सरकारी वकिलले त्यस्ता संस्थालाई कानूनी रायसल्लाह दिंदा आफूलाई ठेकिएको सरकारी काममा वाधा नपर्ने गरी र श्री ५ को सरकार विरुद्ध नहुने गरी दिनु पर्छ ।

(३) उक्त रायसल्लाह सम्बन्धी काम सरकारी कार्यालय समयपछि मात्र गर्न पाइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) सम्बन्धित सरकारी वकिलले कानूनी रायसल्लाह दिए बापत सम्बन्धित संस्था संग यथोचित फी वा मासिक रिटेनर लिन खान पाउनेछ ।

(५) माथि लेखिए बमोजिम बाहेक अरू कुनै किसिसको प्राइबेट प्रेक्टिस गर्न पाइने- छैन ।

(६) यो सूचना बमोजीम गर्न पाएको कानूनको प्राइभेट प्रेक्टिसको विवरण प्रत्येक महीना भुक्तान भएका ७ दिन भित्र यसै साथ रहेको अनुसूची भरी महा-न्यायाधिवक्ताको कार्यालयका सरकारी वकिलले सो कार्यालयमा र अरू सरकारी वकिलले सम्बन्धित अञ्चलाधीश कार्यालयमा दिनु वा पठाउनु पर्छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

## कानूनको प्राइभेट प्रेक्टिसको विवरण

( सम्वत् ... ... ... ......साल ... ... ... ... ... ... ... ...गते देखि ऐ मसान्त सम्म )

| सिलसिला नम्बर | मिति | रायसल्लाह लिने संगठित संस्थाको नाम र ठेगाना | रायसल्लाहको विषय | लिएको फी वा प्राप्त मासिक रिटेनर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मितिः–

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

( सम्बन्धित सरकारी वकिलको दस्तखत र दर्जा )

आज्ञाले

चूडामणिराजसिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

महेश, विभाग, मुद्रण
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०७

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।